(९० औं बैठक) मिति: २०८३।४।२९ गते शुक्रबारको निर्णय:

| निर्णय नं. | प्रस्ताव/ विषय | निर्णय |
|---|---|---|
| १ | अघिल्लो ८९ औं बैठकको समिक्षा सम्बन्धमा | अघिल्लो कार्यपालिकाको निर्णय अनुसार वडाध्यक्षको जिम्मेवारीको प्रतिवेदन प्रस्तुत गरियो। यस सम्बन्धमा मदन भण्डारी र कालेबुदुले सडकको रिपोर्टिङ भयो अर्को बैठकमा बाँकी प्रगति पेश गर्ने |
| २ | नगरप्रमुखको काठमाडौं भ्रमणको समीक्षा सम्बन्धमा | सडक निर्माणको प्रगति र ढल निकासको आयोजना सम्बन्धी र स्वास्थ्य मन्त्रालयमा लेटाङ अस्पतालको लागि आवश्यक उपकरण र अनुदानको व्यवस्थाप गर्न माग गरिएको आयोजनाहरूको कार्य सम्पन्न अनिवार्य गर्नुपर्ने भूमि व्यवस्था मन्त्रालयले शाखा सञ्चालन गर्न पत्राचार भएको, जलस्रोत मन्त्रालयको तमोर चिसाङ डाइभर्सन सम्बन्धी आयोजनाको विभिन्न कामहरू सञ्चालन भैरहेको छ। भ्रमणका क्रममा मन्त्रालय र विभागहरूबाट जानकारी रहेको पाइयो। |
| ३ | विपद र आर्थिक सहायता सम्बन्धमा | नगर क्षेत्रमा घट्न गएको विपदबाट पिडीतलाई तपशिलका आर्थिक सहायता र राहात दिने<br>१. लेटाङ ७ वारडीको आगलागीमा परेर व्यवसाय नष्ट भएका पिडीत व्यवसायी टिका धितालालाई रू १००,०००। (विपद् व्यवस्थापन कोष)<br>२. लेटाङ ७ वारडीको आगलागीमा परेर व्यवसाय नष्ट भएका पिडीत मनोज शाक्यलाई रू २५,०००। (विपद् व्यवस्थापन कोष)<br>३. लेटाङ ७ वारडीको आगलागीमा परेर घर नष्ट भएका पिडीत घरधनी फम कुमार मगरलाई रू ५०,०००। (विपद व्यवस्थापन कोष)<br>४. लेटाङ ५ का क्यान्सर पिडीत पुस्पा वि.क. लाई उपचार सहायता रू ३०,०००/- (विपन्न नागरिक औषधी उपचार खर्च)<br>५. लेटाङ नगरपालिका वडा नं ५ स्थायी घर भएका लक्ष्मण राईले वडा नं ४ को एक घरमा ग्रील लगाउने क्रममा ग्रील व्यवसायमा काम गर्ने मजदुरी गर्ने लक्ष्मण राईको (आर्थिक अवस्थासमेत अत्यान्तै कमजोर रहेकोले उपचार खर्च र सहायता) रू १००,०००। (विपन्न नागरिक औषधी उपचार खर्च)<br>६. लेटाङ नगरपालिकाको वडा नं ५ मा अवस्थित श्री सचमाया तामाङको आर्थिक अवस्था कमजोर भएको कारण निजलाई काज क्रिया खर्च बापत रू २००००/- आर्थिक सहायता प्रदान गर्ने। (श्रोत:<br>७. लेटाङ नगरपालिका वडा नं ७ मा तत्काल राहत सामाग्री वितरण गर्नुपर्ने भएकाले राहात वितरण गरिएकोमा राहत रकम रू१७५५०/- भुक्तानी प्रदान गर्ने। (श्रोत: विपद व्यवस्थापन कोष)<br>८. लेटाङ नगरपालिका वडा नं ८ को निर्माधिन गेट ढलेर घइते भएका मंगलीमाया वि.क.को उपचार खर्च रू ३००००/- प्रदान गर्ने। (श्रोत: विपन्न नागरिक औषधी उपचार खर्च) |
| ४ | करारमा कर्मचारी पदपूर्ति सम्बन्धमा | १. लेटाङ नगरपालिकामा एक जना इलेक्ट्रिसियन र प्लम्बिङ सम्बन्धी लेभल १ को काम गर्न सक्ने जनशक्ति आवश्यक रहेको हुँदा सहायक स्तर चौथो इलेक्ट्रिसियन र प्लम्बिङ पदमा १ जना पदपूर्ति गर्ने। |

(९० औ बैठक) मिति: २०८३।४।२९ गते शुक्रबारको निर्णय:

<table>
<tr><td>५</td><td>कर्मचारी तह वृद्धि सिफारिस समितिको सिफारिस अनुसार क्र.स.१ देखि ३ सम्मका कर्मचारीको तह वृद्धि गर्ने</td><td>
<table>
<tr><th>क्र.सं</th><th>कर्मचारिको नाम</th><th>संकेत नं</th><th>सेवा/ समुह</th><th>वृद्धि हुने तह र पद</th><th>ज्येष्ठता लागु हुने मिति</th></tr>
<tr><td>१</td><td>अर्जुन कुमार चौधरी</td><td>२१२११७</td><td>स्वास्थ्य/ मे.ल्या.टे.</td><td>सहायकस्तर छैटौं, वरिष्ट ल्याव असिपटेन्ट निरीक्षक</td><td>२०८३।४।०१</td></tr>
<tr><td>२</td><td>जितमाया राई</td><td>२१५३२३</td><td>स्वास्थ्य/ हे.ई.</td><td>अधिकृस्तर छैटौं, सि.अ.हे.व. छैटौं</td><td>२०८३।४।०१</td></tr>
<tr><td>३</td><td>सावित्रा लकाई</td><td>२३२९०३</td><td>प.हे.न.</td><td>सि.अ.न.मीं., पाचौं</td><td>२०८३।४।०१</td></tr>
</table>
</td></tr>
<tr><td>६</td><td>मदन भण्डारी राजमार्ग</td><td>लेटाङ नगरपालिकाको बजार खण्डको करिव १.५ किलोमिटर सडक खण्ड नगरपालिकाको पटक पटक निर्माण कार्य अगाडी बढाउन आग्रह गर्दा समेत मदन भण्डारी राजमार्ग आयोजना कार्यालय/निर्देशनाल/निर्माण व्यवसायी बाट सडक निर्माण कार्य हुन नसक्दा वर्खाको समयमा सडक बिग्रन गई विपदको अवस्था सिर्जना भएको उक्त सडक खण्डमा दैनिक जसो मानिसहरू ठूलो संख्यामा आवत जावत गर्ने हुँदा सडकमा लड्नें हातखुट्टा भाचिने, सिटि सफारी पल्टिने लगायतका धेरै घटनाहरु घटेको हुँदा तत्काल विपद् व्यवस्थापनका लागि केहि कामहरू गर्न आवश्यक रहेकाले प्राविधिक लागत अनुमान बमोजिमको कार्य तत्काल गर्नका लागि नगरकार्यपालिकाको कार्यालयलाई अख्तियारी प्रदान गर्ने। साथै उक्त रकम निर्माण व्यवसायीको बिलबाट कट्टा हुने गरी श्रोत भर्नाका लागि मदन भण्डारी राजमार्ग आयोजना कार्यालय दमकलाई लेखि पठाउने सर्वसम्मत निर्णय गरियो। (श्रोतः सडक मर्मत संभार कोष)</td></tr>
<tr><td>७</td><td>मदनभण्डारी राजमार्गको राइटअफवे सम्बन्धमा।</td><td>लेटाङ नगरपालिकाको हुँदै जाने मदनभण्डारी राजमार्ग खण्डको राइटअफवे सम्बन्धी विषयमा यस पालिकामा हाल सम्म सठिक सूचना प्राप्त नभएको हुँदा पटक – पटक समस्या सृजना हुने गरेको साथै सडक दायाँ वायाँ ३०/३० मिटर सम्म घरनक्सा पासको को काम समेत रोकिएको हुँदा उक्त सडक खण्डको राइटअफवे कति हो ? यकिन गरी पठाउनका लागि भौतिक पूर्वाधार मन्त्रालयमा पत्राचार गर्ने।</td></tr>
<tr><td>८</td><td>समाधीस्थल सम्बन्धमा।</td><td>लेटाङ नगरपालिकामा क्षेत्रभित्र जंगल क्षेत्र तथा अन्य क्षेत्रमा खाल्डो खनी जमिनमा मृत्यू संस्कार गर्ने समुदाय तथा जातीहरू सँग छलफल गरी उक्त सन्दर्भमा नगरपालिकाको आगामी कार्ययोजना पेश गर्न वडा नं ३ को वडाअध्यक्ष श्री डम्बरबहादुर राईलाई जिम्मेवारी प्रदान गर्ने।</td></tr>
<tr><td>९</td><td>कर्मचारी सम्बन्धमा।</td><td>लेटाङ नगरपालिका रेस्क्यु सेन्टर तथा नव निर्मित नगर अस्पतालमा एक जना कार्यालय सहयोगी आवश्यक रहेकाले लेटाङ नगरपालिका वडा नं ४ मा स्थाई बसोबास गर्ने श्री कल्पना श्रेष्ठलाई दैनिक ज्यालादरिमा राखे।</td></tr>
<tr><td>१०</td><td>बजेट बिनियोजन सम्बन्धमा।</td><td>लेटाङ नगरपालिका नगर अस्पताल संचालनका लागि इन्टरलक तथा काउन्टर निर्माणका लागि प्राविधकबाट रू१९१६८२७/- बराबरको लागत अनुमान तयार भएको हुँदा उक्त</td></tr>
</table>

(९० औ बैठक) मिति: २०८३।४।२९ गते शुक्रबारको निर्णय:

| | | |
|---|---|---|
| | | कार्य गर्नका लागि श्रोत सहमती प्रदान गर्ने। (श्रोतः नगर अस्पताल व्यवस्थापन/शौन्दर्यकरण-५०००००/-, MINOR अपरेसन थ्रेटर निर्माण-५००००० र अपुग रकम भैपरी पुँजिगत खर्चबाट) |
| ११ | श्रोत सुनिश्चितता सम्बन्धमा। | लेटाङ नगरपालिका प्रदेश सँगको समपुरक योजना कुमारी चोक देखि बरगाछी चोक सम्म कालोपत्रे सडक निर्माणका लागि १ करोड ३३ लाख ९६ हजार ८ सय ६८ रूपैया लागत अनुमान तयार भएकोमा उक्त शिर्षकमा अपुग रकम भैपरी पुँजिगत खर्च शिर्षकबाट श्रोत सुनिश्चितता गरी ठेक्का व्यवस्थापन गर्न नगरकार्यपालिकाको कार्यालयलाई अनुमती प्रदान गर्ने। |